बैठक संख्याः११/२०८२/०८३

मितिः २०८२/१२/०१

समयः बिहान १०:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| १. | | उम प्रसाद भट्टराई | प्रशासकीय अधिकृत | भूमे गाउँपालिका कार्यालय |
| | | | | |
| | | | | |

*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. ११/०८२-८३ मिति २०८२।१२।०१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब*

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैंठक संख्या १० को निर्णय कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णयहरु निर्णय कार्यान्वियन भएकोमा खुशी व्यक्त गर्दै र आगामी बैठकमा हुने निर्णयहरु समेत शिघ्र रुपमा गर्नुपर्ने निश्कर्ष निकालियो ।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा/इकाई/वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो।

**निर्णय नं. ३:**

भूमे गाउँकार्यपालिकाको आर्थिक बर्ष २०८२।२०८३ को दोस्रो त्रैमासिक अवधीमा सम्पादित भएका बिकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी दोस्रो तैमासिक समिक्षा मिति २०८२।११।०३ गते भूमे गाउँकार्यपालिको कार्यालयमा संचालन गर्ने निर्णय गरयो।।

**निर्णय नं. ४:**

भूमे गाउँकार्यपालिकाको आर्थिक बर्ष २०८२।२०८३ को दोस्रो त्रैमासिक अवधीमा सम्पादित भएका बिकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी सार्वजनिक सुनुवाई मिति २०८२।१२।१२ गते भूमे गाउँपालिका कार्यालयको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

श्री आन्तरिक राजश्व कार्यालय तुल्सीपुर, दाङ को चं.नं. ६७६ मिति २०८२।११।१० पत्रमार्फत प्राप्त भएको बेहोरामाथी व्यापक छलफल गरी आन्तरिक राजश्व बिभागबाट मिति २०८२।०९।२० मा स्वीकृत कार्यक्षेत्र (TOR) शर्तहरु र मिति २०८२।०८।२१ मा स्वीकृत कार्यसंचालन कार्यविधि (SOP) अधिनमा रहि करदात सेवासंग सम्बन्धित आधातभूत सेवाहरु प्रवाह गर्नेको लागि भूमे गाउँपालिका र तहाँ कार्यालयका बिचमा समझदारीपत्रमा हस्ताक्षर गरी सेवा प्रबाहको सुरुवाट गर्न आवश्यक स्रोतसहित सम्पुर्ण प्रवन्ध गर्नको लागि भूमे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकलाई जिम्मेबारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

भूमे गाउँपालिका कार्यालयको मिति २०८२।१०।२५ च.नं. ९०९ को सूचना बमोजिम पेस हुन आएको तपसिल लागत अनुमान आयोजनाहरु संघीय सरकारबाट निर्दिष्ट गुरुयोजनाहरुको आधारमा स्थानीय तहको साझेदारीमा बिध्यालयको भौतिक निर्माण अनुदान शीर्षकबाट २०८२।२०८३ बिनियोजित बजेटबाट ठेक्का नं. BRM-RUKUM(EAST)/W/NCB/01/2082-208, BRM-RUKUM(EAST)/W/NCB/02/2082-2083 BRM-

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०८२।१२।०१
पद:



CamScanner

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

## बैठक सं. ११/०८२-८३ मिति २०८२।१२।०१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

RUKUM(EAST)/W/NCB/03/2082-2083 शीर्षकको ठेक्काहरु आव्हान गरि सो टेन्डरमा ठेकेदारहरुबिच प्रतिस्पर्धामा घटिघटाउ गर्दा बचेको रकमबाट भुक्तानी हुने गरी संचालन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

| क.सं. | बिध्यालयको नाम | ठेगाना | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | भूमी आ.बि. रुजिखोला । | भूमे-१ | २,१७,५७६ | |
| २ | सिद्धचौर मा.बि. लुगुम | भूमे-१ | ३५२४३७ | |
| ३ | नेपाल राष्ट्रिय आ.बि. कोर्जा | भूमे-८ | ३८२८३० | |
| ४ | जनशक्ति आ.बि. झिम्का | भूमे-८ | २७६४८१ | |
| ५ | आ.बि. डालिबाङ | भूमे-५ | २११८३५ | |
| ६ | बराह आ.बि. स्याला | भूमे-१ | ४३०२०५ | |
| ७ | बाल बिकास आ.बि. नाखे | भूमे-६ | ७७३०३ | |
| ८ | जनचेतना आ.बि. खाम्देई | भूमे-६ | २२२५६९ | |
| ९ | सरस्वती मा.बि. सिमखोला | भूमे-८ | ४८७९३९ | |
| १० | सहिद शुक्र मा.बि सिमा | भूमे-३ | ४९२२३३ | |
| ११ | मा.बि. कुचिबाङ | भूमे-८ | ३०४९८१ | |
| १२ | जनबिकास आ.बि. तल्लो साकिम । | भूमे-४ | | |
| १३ | श्री छेलोफाल्ने आ.बि. गुनाम | भूमे--७ | | |

### निर्णय नं. ७:

केन्द्रबाट छनोट भएका नमुना बिध्यालय, बिषेश बिध्यालयमको रुपमा स्वीकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार बिकास तथा प्राबिधिक धारका बिध्यालयलाई ल्याब अनुदान शीर्षकमा रु १ करोड बिनियोजन भई सो बराबर रकमको लागत अनुमान स्वीकृत गरी ठेक्का नं. BRM-RUKUM(EAST)/W/NCB/04/2082-2083 शीर्षकको ठेक्का आव्हान गरि सो टेन्डरमा ठेकेदारहरुले प्रतिस्पर्धामा घटिघटाउ गर्दा मार्फत बचेको रकमबाट सोही आयोजनामा थप काम गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर :
मिति : २०८२।१२।०१
पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)
बैठक सं. ११/०८२-८३ मिति २०८२/१२/०१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. ८:**

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खर्च शिर्षक नं. ३११२३ विध्यालयमा फर्निचर ब्यबस्थापन शीर्षकमा बजेट विनियोजन भएकोले उक्त विनियोजन रकमबाट यस गाउँपालिका अन्तर्गतका सामुदायिक विध्यालयलाई आवश्यक पर्ने तपसिलको स्पेशिफिकेशन सहितको डेस्क बेन्चहरु विधुतिय प्रणालीबाट खरिद प्रकृया अगाडी बढाउनको मिति २०८२/११/२९ गतेको मूल्याङ्कन समितिले पेश गरेको दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सानाग्रीको नाम | इकाई | परिमाण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | Assemble and Disassemble Folding system 2 mm thickness metal mechanism and nut bolt 8mm used of fiber Desk Bench with metal frame Desk of length; 5' Width: 12", height: 30" with 1"square irone metal pipe on frame and bag rack with 0.75" square metal pipe and patti along with enamel painting and covered with 1.5 mm double layer fiber on top, front and side body . Bench of Lenth: 5' Width: 10" height: 18" with 1 inch square iron metal pipe on frame and covered with 1.5 mm double layer fiber on top body. Desk Bench Leg square robber polithin cap covered . All items will be Assemble and Disassemble Folding system | प्रति सेट | १ | १०,०००।- | |

**निर्णय नं. ९:**

भूमे गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली मार्फत सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली कार्यान्वयन कार्यविधि २०८२, पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८२।०२८३ को लैङ्गिक उत्तरदायी, अपाङ्गता तथा सामाजिक समावेशी बजेट परीक्षण (GEDSI Audit) सम्वन्धी कार्यक्रम सन्चालन एवं खर्च गर्दा पालना गर्नु पर्ने शर्तहरुको अधिनमा रहि मिति २०८२।१२।११ र १२ गते भूमे गाउँपाललिका कार्यालयको सभाहलमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

भूमे गाउँपालिकाको आ.व. २०८१।२०८२ भूमे गाउँपालिका कार्यालयले भूमे गाउँपालिका वडा नं. ३ मा निर्माण भएको कोल्ड स्टोर्स को लागि Krishna Engineering & Design Consultancy Ptd. Ltd, Lalitpur Nepal संग Preparation of Testing & Commissioning Report and as per Built Drawing of 200MT Capacity Cold Store at Ratuwamare, Rukumesat. शीर्षकमा भएको खरिद सम्झौत्ता तथा कार्यसम्पन्न प्रतिवेदन अनुसारको रकम रु. ४९३५८४ भूमे गाउँपालिकाको आ.व. २०८२।८३ को

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर : २०८२।१२।०१
मिति :
पद :

CamScanner

स्वीकृत कार्यक्रममा बिनियोजिम कोल्ड स्टोर्श शीर्षकवाट Krishna Engineering & Design Consultancy Ptd. Ltd, Lalitpur Nepal लाई भुक्तानी गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

## निर्णय नं. १२:

भूमे गाउँपालिका अन्तर्गतका तपशिल विवरण भएका निकायहरुमा देहायबमोजिम विवरण भएका स्थानीय व्यक्तिहरुवाट निशुल्क प्राप्त गर्ने स्वीकृत गरि सो निर्णयलाई स्वीकृतिको लागि सरकारी जग्गा, दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनिति, २०८९ को दफा ५ को उपदफा १ बमोजिमको सिफारिस समितिमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | जग्गाधनीको नाम | साविक कि.नं. | कि.नं. | वडा नं./नक्सा नं. | क्षेत्रफल | निशुल्क जग्गा प्राप्त गर्ने सार्वजनिक निकाय |
|---|---|---|---|---|---|---|
| १ | डिल ब. रोका | महत | ७९५ | ४/०८५/१४१७ | ६५० | जनजाती आधारभुत विध्यालय,धर्मशाला |
| २ | धुते रोका | महत | ७९४ | ४/०८५/१४१७ | १२६० | |
| ३ | टेक ब. रोका | महत | ९३७ र ९३९ | ९/०८५/१३३४ | १८३ र ४६३ | खा खाम्दै सामुदायिक स्वास्थ्य ईकाई |
| ४ | टेक ब. रोका | महत | ९३९ | ९/०८५/१३३४ | ४६३ | |
| ५ | भिम बहादुर ओली | महत | | | | श्री बालबिकास आ.वि. तामारी |
| ६ | भिम प्रसाद रोका | मोराबाङ | ५०८ | २/११२१६ | ७३० | कोल्ड स्टोर्स |
| ७ | लक्ष्य रोका | मोराबाङ | ६२७ | २/१२१५ | ५१५ | |
| ८ | डिल ब. रोका | मोराबाङ | ६३६ | २/१२१६ | ४०५ | |
| १० | दान बहादुर बुढा | काँक्री गाबिस | ३९४ | ४/८५१३४५ | १५४५ | १ नं. वडा कार्यालय |

### निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | | फरक मत राखे सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|---|
| | | फरक मत नरहेको | | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति: २०८२/१२/०१
पद: प्रमुख प्रशासकीय अधिकृत